परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १३ ❑ अंक २१ २०८१ पौष २८ आईतवार Sunday 12, JAN 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं।

## एक बोरा मल लिन मध्यरातमा किसानहरू लाइनमा बस्न बाध्य


रंगेली-५ आमगाछीका किसानहरु मलको लागि राती लाईनमा बसी रहेको अवस्था।

रंगेली। रंगेलीका किसानहरु एक बोरा मल प्रप्त गर्न रातीको १ बजेदेखि नै लाईनमा लागेर विहान १० बजे एक वोरा मल प्राप्त गर्ने वाध्य भएका छन्। जब कि एक विगहा खेती गर्न किसानलाई ४ बेरा डीएपी, २ बोरा पोटास र ४ बोरा यूरिया मल चाहिन्छ।

त्यसपश्चात पनि खेतीवाट राम्रो उत्पादनको लागि जिंक, बोरेक्स, लगायत थुप्रै मल को आवश्यकता पर्छ। उक्त मलको लागि रंगेली-५ का वडाभरीको किसानहरु राती लाईनमा बसेपछि करीब १० घण्टा पछि विहान १० बजे १ बोरा मल पाउन बाध्य भएको स्थानीय किसानहरु वताउँछन।

रंगेली-५ मा आवद्ध कृषि सहारी र जैनपुर कृषि सहकारी गरी दुई वटा कृषि सहकारीहरु रहका छन्। दुई दुईवटा कृषि सहकारी हँदाहुँदै पनि किसानहरु सहज रुपमा मल पाई रहको छैन। डीएपी, यूरिया एक बोरासम्म पाएपनि पोटास भन्ने किसानहरु पाएका छैन।

राती लाईनमा बसेका किसानहरु मध्ये पनि ४० प्रतिशत १ बोरा मल पाउँछन् भने ६० प्रतिशत कृषकहरु रितो हात घर फर्केर जानुपर्ने किसानहरुको गुनासो छ। मल आएको थाहा हुन बितिकै किसानहरु जाडो मौसममा काम्दै लाईनमा बस्छन्।

एक किसानले भने रंगेलीका मेयर दिलीप किसानहरुसंग नागरिकताको फोटो कपी लिएर किसानलाई कुप्पन दिने गरेका छन्। सोही कुप्पन लिएर मलको लागि राती लाईनमा बस्नुपर्छ। रंगेली

वांकी अन्तिम पेजमा...

## प्रदेश प्रमुख र मुख्यमन्त्री बीच भेटवार्ता

विराटनगर। कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङ र मुख्यमन्त्री हिक्मत कुमार कार्कीबीच भेटवार्ता भएको छ।

सरकारको गतिविधि र काम कारवाहीको विषयमा नियमित जानकारी गराउनका लागि मुख्यमन्त्री कार्कीले प्रदेश प्रमुख खापुङको निवास पुगेर भेटवार्ता गर्नुभएको हो।

उहाँहरुबीच लगानी सम्मेलन, चिया सम्मेलन र पर्यटन वर्ष २०८२ का विषयमा कुराकानी भएको छ।

प्रदेश सरकारको विकास निर्माणका गतिविधि, सरकारले गरिरहेको काम र सुशासनका विषयमा पनि छलफल भएको थियो। मुख्यमन्त्री कार्कीले प्रदेश प्रमुख खापुङलाई

वांकी अन्तिम पेजमा...

## महानगरलाई ध्यानाकर्षण

विराटनगर। नागरिक अभियान समूहले विराटनगर महानगरपालिकाको सुशासन, न्याय, सेवा प्रवाह, जनजीविका र विकास निर्माणसँग सम्वन्धित ४२ बुँदे ध्यानाकर्षण पत्र बुझाएका छन्।

महानगरपालिकाभित्र विभिन्न क्षेत्रमा कार्यरत यूवा, महिला, विधार्थी, बुद्धिजीवि, व्यवसायिक, व्यापारिक र सामाजिक अभियन्ताहरुसंग छलफल छलफल गरी सो सुझावपत्र पेश गरेको छ।

'विराटनगरको वृहत्तर विकासलाई मध्यनजर गरी नागरिकको दैनिक व्यहारिक समस्या टार्न तत्काल गर्नुपर्ने र रणनैतिक महत्व बोकेका दीर्घकालीन कार्यक्रम तथा योजनामार्फत आर्थिक,

वांकी अन्तिम पेजमा...

## अदालतद्धारा कारण देखाउ आदेश जारी

विराटनगर। कोशी प्रदेश सरकारले प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसको ससदीय दलको नेता, प्रमुख प्रतिपक्षी दलको प्रमुख सचेतक, समितिका सभापतिहरुलाई थप सुविधा दिने गरेको निर्णय विरुद्ध उच्च अदालत विराटनगरमा परेको रिटमा कारण देखाउ आदेश जारी गरेको छ।

कोशी प्रदेश सरकार मन्त्रिपरिषद्को गत असोज १३ गतेको बैठकले काँग्रेस नेता उद्धव थापालाई हलका सवारी साधन, एक जना सवाारी चालक र मासिक १२५ लिटर पेट्रोल लगायतको सुविधा थप्ने निर्णय गरेको थियो। त्यसविरुद्ध अधिवक्ताहरु कर्णबहादुर राई (दर्शनकर्ण राई) र प्रेमकुमार घिमिरेले दायर गरेको रिटमा उच्च अदालतले कोशी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद को कार्यालय मोर विराटनगर सहित १३ जना विरुद्ध कारण देखाउ आदेश जारी गरेको हो।

उच्च अदालत विराटनगरको राज्यलक्ष्मी बज्राचार्यको एकल इजलास ले सोमबार रिटको सुनुवाइ गर्दै कारण देखाउ आदेश दिएको हो। अन्तरिम आदेशसहित उत्प्रेषण, प्रतिषेध, परमादेशलगायत आदेश जारी गर्न माग गर्दै दायर रिट आइतबार अदालतमा दर्ता भएको थियो। अदालतले रिटमा अन्तरिम आदेश दिन किन नदिने भन्ने सुनुवाईको लागि पुस २९

वांकी अन्तिम पेजमा...

वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं।

हरीश चन्द्र सहनी (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. ६ को कार्यालय



## प्रतिवन्धित...

र स्पासपेन-३८० चक्की सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी प्रहरी चौकी तरहरा सुनसरीले इटहरी उप-महानगरपालिका-२० का २१ वर्षीय मनिष खड्का र ३२ वर्षीय दिपेन थापा मगरलाई ट्रामाडोल र स्पासमो ८० चक्की सहित नियन्त्रणमा लिएको थियो ।

अस्थायी प्रहरी पोष्ट बरगाछी मोरडबाट खटिएको प्रहरी टोलीले धरान उप-महानगरपालिका-८ का १९ वर्षिय अभिषेक मंग्रान्तीलाई ट्रामाडोल-१०० क्यासप्सुल, प्रतिबन्धित औषधी स्पासपेन-२० चक्की र स्पासमो- ३० चक्की सहित नियन्त्रणमा लिएको थियो ।

लागुऔषध सहित पक्राउ परेका उनिहरुको सम्बन्धित प्रहरी कार्यालयबाट थप अनुसन्धान भईरहेको छ ।

## एक बोरा...

नगरपालिकाले किसानहरुलाई समयमा मल उपलब्ध नगराएको किसानहरुको गुनासो छ ।

एक बोरा मलको लागि पनि वडाबाट सिफारीस लिन पनि दुई तीन दिन लाग्ने गरका छन् । कुप्पन लिन पनि वडा कर्यालयमा ठुलो भिडभाड लाग्ने गरको छन् । कहिले वडामा वडा अध्यक्ष भेटिदैन भने कहिले सचिव भिटिदैन जसका कारण किसानहरु मलको लागि सिफरीस लिन पनि दुःख पाइरहका छन् ।

आवद्ध कृषि सहकारी प्रोप्राइटर निरोध मण्डलले समयमै नगरपालिकाबाट सिफारीस लिई कृषि सामग्री र साल्ट ट्रेडिङ विराटनगरबाट मल भिकाई किसानलाई राती भएपनि मल उपलब्ध गराउँछन । तर सोही ठाउँमा रहेको जैनपुर सहकारी संस्थाका प्रोप्राइटर धर्नेन्द मण्डलले किसानलाई मल उपलब्ध नगराई लापरवाही गरको किसानहरुले आरोप लगाएका छन् ।

आबद्ध सहकारीले मकै खेती गर्ने किसानहरुलाई हाल ९ सय ७८ बोरा डीएपी र ९ सय ४९ बोरा यूरिया वितरण गरिसकेको छन् भने जैन पुर कृषि सहकारी संस्था किसानहरुलाई मल वितरण गर्न नसकेको समेत किसानहरु गुनासो गरको छन् ।

## अदालतद्धारा...

गतेलाई पेशी तोकेको छ ।

रिट निवेदनका तर्फबाट वरिष्ठ अधिवक्ताहरु राजेन्द्र प्रसाद भट्टराई, हेमराज पन्त, भोजराज श्रेष्ठ, उद्धवचन्द्र घिमिरे, अधिवक्ताहरु पुरुषोत्तम नेपाल, योगेन्द्र काफ्ले, कर्णबहादुर राई, प्रेमकुमार घिमिरे, मिनबहादुर पौडेल, बिनोद अधिकारी, बलेन्द्र मेहता, लक्ष्मण प्रसाद गौतम, भरत चौलागाई, अर्णव शर्मा प्रसाई, तुलसी साहलगायतले बहस गरेका थिए ।

'निवेदकले माग गरेको अन्तरिम आदेशका सम्बन्ध मा विचार गर्दा, निवेदनको विषयवस्तु र प्रकृतिले दुवै पक्ष राखी छलफल गराई अन्तरिम आदेश जारी हुने वा नहुने सम्बन्धमा निष्कर्ष मा पुग्न उपयुक्त हुने देखिएकाले सो प्रयोजनका लागि मिति २०८१-०९-२९ गते पेशी तोकी सोको सूचना दुवै पक्षलाई गराई नियमानुसार पेश गर्नु,' उच्चले दिएको आदेशमा भनिएको छ । निवेदनमा सरकारको निर्णय कानुन विपरित रहेको दाबी गरिएको छ ।

## प्रदेश प्रमुख...

आगामी प्रदेश सभाको अधिवेशन र अधिवेशनको तयारीको विषयमा समेत जानकारी गराउनुभएको छ । प्रदेशको विकास निर्माण, बजेट खर्चको अवस्था लगायतको विषयमा चासो राख्दै प्रदेश प्रमुख खापुङ जानकारी लिनु भएको थियो ।

प्रदेश सरकारले बैशाख लागनी सम्मेलन, जेठमा चिया सम्मेलन र २०८२ साललाई पर्यटन वर्षको रुपमा मनाउने गरी तयारी गरिरहेको छ । प्रदेश सरकारका तर्फबाट प्रदेश प्रमुखलाई सरकारका गतिविधि र समसामयिक विषयमा मुख्यमन्त्रीले जानकारी गराउने चलन रहेको छ ।

## महानगरलाई...

सामाजिक, सांस्कृतिक लगायतका क्षेत्रमा वृहत्तर विकास सम्भव तुल्याउँदै महानगरवासीको जीवनस्तर उकास्न भूमिका रहोस् भन्ने उद्देश्यले यो ध्यानाकर्षण तथा सुझाव-पत्र पेश गरेका छौं,' नागरिक अभियान समूहका अभियान्ता बसन्त अधिकारी ले बताए ।

उक्त सुझावपत्रमा महानगरपालिका र वडाका नागरिक बडापत्रसम्बन्धी निर्देशिका, २०६९ बमोजिम व्यवस्थित गर्नुपर्ने, सूचना संकलन, भण्डारण र प्रवाहलाई छिटोछरितो र सहज गर्न आधुनिक सूचना तथा संचार प्रविधीको प्रयोग र त्यस अनुरुपको संरचना बनाउनु पर्ने, सडक किनारामा निर्वाध हिंड्न पाउने पैदल यात्रीको अधिकार स्थापित, थाभावी जीवनाशक विषादीको प्रयोग भएका फलफुल र तरकारी सम्बन्धी माछामासु र अन्य खाद्य पदार्थको बिक्री वितरणमा रोक लगाउन माग गरिएको छ ।

यस्तै महानगरपालिकाले कार्यविधि निर्माण गरेर 'मर्मत सम्भार एम्बुलेन्स'को थालनी गर्नुपर्ने, बिजुली र टेलिफोनका खम्बाहरु सडक किनारमा सार्ने कार्य एवम अव्यवस्थित तारका लट्टाहरुलाई व्यवस्थित गर्नुपर्ने लगायत रहेको छ ।

उक्त सुझाव पत्र महानगर पालिकाका प्रमुख नागेश कोइरालालाई हस्तान्तरण गरिएको अधिकारी ले जानकारी दिए ।


## स्तन क्यान्सरका लक्षणहरु

- स्तन वा काखी मुनी नदुख्ने गिर्खा र गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टो भित्र तर्फ जानु,
- स्तनको मुन्टोबाट रगत वा पिप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै लक्षण देखिए तुरुन्तै चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड



## नगरवासीको लागि विशेष अनुरोध

- नगरपालिका वा वडा कार्यालयमा बुझाउनु पर्ने सम्पत्ती कर, व्यवसाय कर लगायतका करहरु समयमै बुझाऔं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौ ।
- सडक पेटीमा कुनै पनि किसिमका व्यापार व्यवसाय नगरौ ।
- सडकको क्षेत्राधिकार भित्र ठेला पसल तथा निर्माण सामाग्री नराखौ ।
- नगर क्षेत्रभित्र निर्माण हुने घरको निर्माण पूर्व अनिवार्य घर नक्सा पास गर्ने गरौ ।
- पञ्जीकरणका कार्यहरु ३५ दिन भित्रै गरी जरिवानाबाट बचौं ।
- महिला सशक्तीकरणलाई प्राथमिकता दिऔ ।
- सबै प्रकारका हिंसाको अन्त्य गरौ ।
- उपभोक्ता हित विपरीत हुने कुनै पनि क्रियाकलापहरु पूर्ण रुपमा रोकौं ।
- मिसावट तथा रंग रोगन गरिएका खानेकुराहरुको वेचविखन र सेवन गर्दै नगरौं ।
- बाल श्रमको अन्त्य गरौ ।
- आफ्नो घर वरिपरी हरियाली वनाउन वृक्षा रोपन गर्ने संस्कारको विकास गरौं ।
- देखावटी रुपमा फजुल खर्च नगरौं ।
- सभ्य रुपमा चाडपर्व मनाऔं ।
- चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

विराटनगर महानगरपालिका
महानगर कार्यापालिकाको कार्यालय
मोरंग, कोशी प्रदेश



## खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयको जनहितमा जारी सूचना

- सिंचाइ प्रणालीको विकास र विस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरौं । सबै प्रकारका पानीका स्रोत, मुहान, कुलो, पैनी नहर आदिको संरक्षण र सम्बर्द्धन गरी आकासे पानीबाट संकलित पोखरी, भूमिगत लिफ्ट, सतह आदि सिंचाइ प्रणाली मार्फत पानीका थोपा थोपालाई कृषिमा प्रयोग गरौ। सडक पूर्वाधारजस्ता अन्य भौतिक संरचना निर्माण गर्दा कुलो पैनी नहरको संरचनामा क्षति नपुर्याऔं, क्षति पुगेमा क्षति पुर्याउने निकायबाटै तत्काल मर्मत संभार गराऔं । सिंचाइ प्रणालीमा कम ऊर्जा खपत गर्ने र नविकरणीय ऊर्जाबाट चल्ने उपकरणहरुको प्रयोग गरौं ।

- आधुनिक प्रविधि र उन्नत जातका विउविजनको प्रयोग, वालीमा विविधीकरण र परिवर्तन तथा नगदे बालीलाई प्राथमिकता दिई परम्परागत कृषि पेशाबाट आधुनिक व्यावसायिक र भरपर्दो पेशामा रुपान्तरित भई स्वदेशमै समुन्नत भविष्य निर्माण गरौं । अर्गानिक कृषि उत्पादनमा जोड दिई मानव स्वास्थ्यप्रति संवेदनशील बनौं ।

- वर्षाको समयमा बाढी पहिरो तथा कटान जस्ता जल उत्पन्न प्रकोप आउन सक्ने भएकाले नदीको प्राकृतिक बहावलाई अवरोध पुर्याइ किनाराहरु अतिक्रमण गरेर सम्भावित कटान, पहिरो जस्ता जोखिम युक्त क्षेत्रमा संरचना निर्माण गरी वसोवास नगरौ। नदी कटान, पहिरो रोकथाम तथा माटोको संरक्षणका लागि बनाइएका संरचनाहरुको सम्भार र संरक्षण गरौ। जलवायु परिवर्तनप्रति सचेत रहौं । वर्षाको पूर्व जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको www.hydrology.gov.np वेबसाइटको सूचनाहरुबाट सु-सूचित रहौं ।

खानेपानी, सिंचाइ तथा उर्जा मन्त्रालय
कोशी प्रदेश, विराटनगर


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक

## सम्पादकीय

# कृषकलाई समयमा मल देउ

नेपाल कृषि प्रदान देश हो । यहाँका ८५ प्रतिशत जनताले कृषि कर्म गरे आ-आफ्नो जीवीका चलाउने गर्दछन् । तर सरकारले कृषि तर्फ कुनै ध्यान दिएका देखिदैन । कृषि कर्ममा केही फाईदा नभएरै होला अहिले सारा यूवा जनशक्ति विदेश पलायन भएका छन् । यसका मुख्य कारण भनेकै कृषिमा सरकारवाट कुनै सुविधा नपाउनु हो र कृषकको खेतीमा समयमा नत पानी आउँछ नत सरकारले मल खादको व्यवस्था गरको हुन्छ । कृषकले मल नपाउनुको अर्को कारण सरकारको निती नियमले गर्दा कहिले पनि समयमा मल कृषकले पाएका छैन । अहिल कृषकहरुले धानवाली काटेर मकै, गेहूँ लगाउने सिजन छ तर कृषकले खेतीमा चाहिले मल पाई रहेको अवस्था छैन । तसर्थ सरकारले कृषकको लागि अथा शिघ्र मलको व्यवस्था गर्नु पर्छ ।

मलको अभाव हुनुको अर्को कारण हो संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकार बीच तालमेल नहुनु हो । कृषकलाइ के कति मल चाहिन्छ त्यसको पूर्व अनुमान सरकारले गर्न सकेको छैन । मल आपुर्तिको योजना वनाउन सकेको छैन । वितरण प्रणालीमा एकरुपता नदेखिएको । कृषकको तथ्याँक नभएको यी यथावत समस्याका कारण कृषकहरुले समयमा मल पाउँदैन । जसका कारण लगाएको वाली पनि नाश भएर जान्छ । कृषि सामग्री र साल्ट ट्रेडिङमा मलले गोदाम भरिएको छ तर गाउँपालिकाहरुमा खोलिएको कृषि सहकारीहरु मल छैन । थोरै मात्रमा मल आउँछ जसका लागि कृषकहरु राती नै लाईनमा बस्छन । विहान कसैले १ बोरा मल लिएर जान्छ भने धरैले खाली हात घर फर्किनु पर्ने वाध्यता छ ।

कृषकका माग अनुसार मल पुर्ति गर्न मलमा रहेका माफिया तन्त्रलाई वन्द गर्नुपर्छ । कृषकको तथ्यांक संकलन गरी सोही अनुसार मलको व्यवस्था गरी वितरण गर्नु पर्छ । पालिकाका स्तरमा रहको कृषि सहकारीहरुलाइ मल उपलब्ध गराई समय समयमा अनुगमन गर्नु पर्छ । यी व्यवस्थाहरुलाई चुस्त दुरुच बनाइ कृषकलाइ समयमा नै मलको व्यवस्था सरकारले मिलाउनु पर्छ । अन्यथ कृषकको दुःखदायी जीवन कहिले पनि सुखी हुँदैन ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ । भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ ।

# नेता बने, नेपाल बनेन

*जनताका सपना, आशा र भरोसा माथि क्रान्तिको अगुवाइ गर्नेहरूबाट सपना, आशा र भरोसा लुटियो। यसैले देश विलखबन्दमा छ, निकास पर्खिराखेको छ ।*

श्री प्रसाद देवकोटा
शिव बगाले

एक भक्त थिए, जो अत्यन्त संस्कारी र त्यागी । समाजका दुःख, पीडा, रोदनमा सदा आफूलाई दुखाउँथे । समाजका हरेक दुःख र कष्टमा मल्हम लगाउन सधैं दौडिन्थे । एक दिन समाजलाई विद्यमान दुःख, पीडा, रोदनबाट सदाका लागि मुक्त गर्न महादेवको तपस्यामा बस्ने निर्णय गरे ।

विना बस्त्र जाडोयाममा हिमालको काखमा र गर्मीमा तराईको गर्मीमा आगो माथि तपस्या गर्न थाले । घाम, पानी, भोक, निद्रा सबै त्यागेर दशकौं तपस्यामा लीन भए । उनको त्यो त्याग र तपस्या देखेर महादेव अत्यन्त खुशी भए र भक्तको अगाडि प्रकट भए । भक्तको त्यति कठोर त्याग र तपस्या देखेर जस्तोसुकै वरदान मागे पनि दिने निष्कर्षमा पुगे । र आफ्नो लागि यति कठोर त्याग र तपस्या गर्ने भक्त कत्तिको सामाजिक रहेछ भनेर बुझ्ने प्रयास गरे ।

महादेवः भक्त म तिम्रो कठोर त्याग र तपस्याले मोहित छु । मैले दिन मिल्ने र सक्ने सबै वरदान दिन तयार छु तर तिमीले एक शर्त मान्नुपर्छ ।

भक्तः सबै शर्त मान्न तयार छु महादेव ।

महादेवः के माग्छौ माग, तर तिमीले एक चिज माग्दा तिम्रो छिमेकीले दुई चिज प्राप्त गर्दछ । जस्तो तिमीले एउटा घर माग्यौ भने छिमेकीले दुइटा घर पाउनेछ ।

महादेवको उक्त शर्त पश्चात् भक्तले हुन्छ प्रभु भन्दै वरदानका लागि सोच्न थाल्यो । आफूले दशकौं त्याग र तपस्या गरेको तर त्यसको दुई गुणा प्रतिफल छिमेकीलाई हुने महादेवको वचनले नकारात्मक वरदान माग्ने सोचाइमा पुग्यो । सम्झ्यो, घरै जोडिएको छिमेकी र दिनहुँ उसगँको झगडा । आफ्नो खेतमा लगाएको गहुँ छिमेकीको गोरुले आफ्नो खेतमा खाँदा भएको झगडा, धानखेतमा लगाएको पानीको कुलो मारिदिएको, खानेपानीको पाइप काटिदिएको इत्यादि घटनाहरू। भित्रभित्रै क्रोधले जल्दै वरदानका लागि सोच्न थाल्यो, यस्तो वरदान मागुँ कि मैले एक चिज गुमाउँदा छिमेकीको दुई चिज गुमोस् । धेरै सोच पश्चात् भक्तले आफूलाई दिनहुँ दुःख दिने छिमेकीलाई तह लगाउन आफ्नो एक आँखा फुटाइदिने वरदान माग्न पुग्छ, जुन वरदान अनुसार छिमेकीको दुइटै आँखा फुटोस् ।

मानव जीवन र समाज मा आउने हरेक किसिमका दुःख, कष्ट, रोग र क्लेशबाट मुक्ति पाउन दशकौं त्याग र तपस्या बसेको भक्त र उसले मागेको वरदानको कथाले हाम्रा राजनीतिक दल र नेताहरूको चरित्रलाई प्रतिनिधित्व गरेको छ ।

राजनीतिक आन्दोलनमा दल र नेताहरू निकै इमान दार र निष्ठावान् भएर लागे । यसै कारण जनताको साथ पनि पाए । जब सत्तामा पुगे, क्लेप्टोक्रेट शासक बन्न पुगे । लोकतान्त्रिक विधिबाट निर्वाचित हुनेहरू नै सर्वसत्तावादी भए, अझ भनौं पपुलिस्ट डिक्टेटर र सँगै मौलायो हिप्पोक्रेसी र नेपोटिज्म ।

जब कुनै पनि मुलुकका शासक, लिडरबाट ल्याडरमा रूपान्तरण हुन्छन्, तब मुलुकमा लथालिंग, अस्त व्यस्त र कुशासन मौलाउँछ। डारों एसमोग्लु र जेम्स ए रविन्सनद्वारा लिखित 'ह्वाई नेसन्स फेल' किताबमा भ्रष्ट र तानाशाह शासकले कसरी राष्ट्रलाई कमजोर र असफल बनाउँछन् भन्ने कुरामा विभिन्न मुलुकको उदाहरण उल्लेख गरेका छन् । जोसेफ मोबुतु, मेन्गेत्सु, मुगाबे, साइका स्टेभेन्स, सुहार्तो, मार्कोस जस्ता निरंकुश र क्लेप्टोक्रेट शासकहरूका कारण कंगो, इथिओपिया, जिम्बावे, सियरा लियोन, इन्डोनेसिया र फिलिपिन्स जस्ता मुलुकहरू कंगाल बनेका थिए । आज हाम्रो मुलुक पनि ठूलो आर्थिक र सामाजिक संकटले झेलिएको छ ।

२०४८ सालमा प्रधान मन्त्री गिरिजाप्रसाद कोइरालाले युरोपेली मापदण्डको नेपाल बनाउने घोषणा गरे । गणतन्त्र नेपालका पहिलो प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मुलुकलाई सिंगापुर र स्विट्जरल्याण्ड बनाउने भाषण गरे। दुईतिहाइ जनमत प्राप्त नेकपा नेतृत्वको सरकार प्रमुख केपी ओलीले समृद्ध नेपाल र सुखी नेपालीको दीर्घकालीन सोच अगाडि सारे ।

पञ्चायतको विकल्पमा गणतन्त्र आयो, नेताको विकल्पमा नेता आए, दलको विकल्पमा दलहरू आए, र मुलुकको विकासको लागि सबै असफल रहे। दल र नेताहरू सफल हुँदा मुलुकको विकासले फड्को मार्न सकेन। कारण, तन्त्र फेरिए पनि क्लेप्टोक्रेट शासकहरू फेरिएनन्, यसैले सामाजिक अपराध बेथिति, विसंगति, बेरोजगारी, भ्रष्टाचार र कुसंस्कार मौलायो

तर काङ्ग्रेसले भनेको युरोपेली मापदण्डको नेपाल कहिल्यै बनेन, माओवादीले भनेको सिंगापुर र स्विट्जर ल्याण्ड बनेन र एमालेले भनेको नेपाल र नेपाली समृद्ध र सुखी पनि बनेनन्। तल प्रस्तुत तथ्यांकहरूले मुलुकको समग्र पक्षको अहिलेको परिदृश्यलाई उजागर गरेको छ ।

नेपाल प्रहरी प्रधान कार्यालयको चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकको तथ्याङ्क अनुसार कात्तिक मसान्तसम्म दैनिक औसतमा १६२ मुद्दा दर्ता भएका छन् । आत्महत्याका दैनिक २० घटना र जबरजस्ती करणीका दैनिक ७ मुद्दा दर्ता हुने गरेका छन्। चालु आर्थिक वर्षको पछिल्लो चार महिनामा देशभर १९ हजार ४९८ वटा मुद्दा दर्ता भएका छन् । तथ्यांकले अपराधका घटना हरू दिनहुँ बढ्दो क्रममा रहेको देखाउँछ । मुख्यगरी आत्महत्या र अपराधका घटना आर्थिक संकटका कारण घटेको देखिन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदन अनुसार गत वर्ष मात्र २६ हजार ९१८ उजुरी परेका छन् । ट्रान्सपरेन्सी इन्टरनेशनलले बर्सेनि सार्वजनिक गर्ने भ्रष्टाचार सम्बन्धी विश्वव्यापी सूचकाङ्क मा सन् २०२३ मा नेपाल १०८औं स्थानमा थियो भने त्यसअघि सन् २०२२ मा ११०औं र सन् २०२१ मा ११७औं थियो । महालेखाको तथ्यांकले ४ देखि ६ खर्बसम्म बेरुजु भएको देखाउँछ। दुवै तथ्यको निष्कर्ष भ्रष्टाचार बढ्दो छ ।

नेपाली श्रम बजारमा प्रत्येक वर्ष करिब पाँच लाख युवा थपिन्छन् । विभिन्न

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२०००० 
इटहरी बारुणयन्त्र ५८०१०१ 
धरान बारुणयन्त्र ५२०१९९ 
इनरुवा बारुणयन्त्र ५६०१०१ 
दमक बारुणयन्त्र ०२३-५८०१०१ 
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३ 
नेरेसो रंगेली ५८००४८ 
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

लाईफ गार्ड हस्पिटल 
०२१४६४१७७ 
कोशी अ.अ.इमरजेन्सी ५२४२३४ 
रंगेली अस्पताल ५८००४८ 
आँखा अस्पताल ५२३७०६ 
सुरक्षा अस्पताल प्रा.लि. 
०२१-५३६९४१, ५२२८७७ 
एम्बुलेन्स ९८०२७५३७१७, 
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय 
०२१-४३५००१ 
जिल्ला प्रहरी कार्यालय 
५३०३५८, ५२३९०१,१०० 
नगर प्र.का.. बिराटनगर 
५२१८५०, ५३०३६७, ११०, 
इ.प्र.का. रंगेली 
८०१००८०१३० 
इ.प्र.का. उर्लाबारी 
०२१-५४०००२ 
सिमा प्रहरी चौकी 
०२१-४३५८४०

# विराट एक्स्पो माघ ११ देखि २० गते सम्म डिग्री क्यापसको प्रांगणमा

विराटनगर। आर्थिक र औद्योगिक विकासका माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने उदेश्यका साथ आठौं संस्करणको विराट एक्स्पो अगामी माघ ११ गतेदेखि २० गते सम्म हुने भएको छ ।

स्थापित निजी क्षेत्रको प्रतिनिधिमुलक संस्था उद्योग संगठन मोरंगले एक्स्पो हुने स्थल विराटनगर-१४ जतुवा स्थित डिग्री क्याम्पस ( पुरानो हवाई फिल्ड) मा पत्रकार सम्मेलन गरी सो कुरा जानकारी गराएको हो ।




उद्योग संगठनका उपध्यक्ष एवं विराट एक्स्पोका संयोजक भोलेश्वर दलालले पत्रकार सम्मेलनमा प्रेस विज्ञप्ती वाचन गर्दै अन्तर्राष्ट्रिय स्तरको विराट एक्स्पोमा ९ वटा पेभिलियन अन्तर्गत २ सय ६८ वटा स्टल रहने जानकारी दिदै भने नेपाल, भारत, पाकिस्तान र बंगलादेशका गरी विराट बजार बिटुबीका १२ स्टल, स्टार्टअप भिजन कोशी ह्याकाथुनका १२ स्टल, रोजगार कोशीका १२ स्टल, व्यावसायिक सेवा प्रदायक, सूचना, शिक्षा तथा डिजिटल प्रविधिका ४० स्टल, अटोमोबाइल्सका २० स्टल, औद्योगिक तर्फ ७५ स्टल, औद्योगिक, कर्पोरेट, कृषि, पर्यटन तथा एसएमईजका ७५ स्टल, खाद्यका १० स्टल र प्रयोजकका १२ स्टल रहने वताए ।

एक्स्पोलाई रोमान्चक वनाउन प्रत्येक दिन साँझ राष्ट्रिय रूपमा ख्यातिप्राप्त पूर्ण राई, लाहुरे, मंकी टेम्पल, जेम्सी, तृष्णा गुरुङ, रक हेडस, एकदेव लिम्बु, सौरभ भट्टराई, शैलेश निरौला, अस्मिता अधिकारी, मिस्टर डि, हुमन आचार्य, स्वप्न सुमनको प्रस्तुति रहने छ ।

मोरङका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराई, नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउत, मोरङ उद्योग व्यापार संघका वरिष्ठ उपाध्यक्ष अनिल साह, नेपाल पत्रकार महासंघ कोशी प्रदेशका अध्यक्ष भरत खड्का, उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुराना, वरिष्ठ उपाध्यक्ष नन्दकिशोर राठी र उपाध्यक्ष विपिन काबरा, विराटनगर-१४ का वडा अध्यक्ष सुर्यनारायण महतो लगायतको उपस्थिति रहको थियो ।

विराट एक्स्पो २०२५ को सन्दर्भमा आयोजित पत्रकार सम्मलनमा उद्योग संगठन मोरंगले जारी गरको प्रेस विज्ञप्तको पूर्णपाठ :-

प्रेस विज्ञप्ती

आदरणिय पत्रकार मित्रहरु,

आर्थिक एवम् औद्योगिक विकासका माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने उद्देश्यका साथ स्थापित निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था उद्योग संगठन मोरङको आयोजनामा हुने विराट एक्स्पो २०२५ को तयारी तिव्र गतिमा भईरहेको छ । आठौं संस्करणका रुपमा यस पटकको विराट एक्स्पो विराटनगरको डिग्री क्याम्पस परिसरमा विराट एक्स्पो २०२५ Digital KoshiM Bridging Innovation & Investment थिममा मिति २०६१ माघ ११ गते देखि २० गतेसम्म हुनेछ ।

संगठनले सबैभन्दा पहिला एक्स्पोको आयोजना २०५३ सालमा कोशी महोत्सवको नामबाट गरेको थियो । आज २०८१ सालमा विराट एक्स्पोको आठौं संस्करण सम्म आईपुग्दा यो एक्सपो नेपालमा आयोजना हुने अन्ततीष्ट्रय स्तरको थोरै औद्योगिक एक्स्पो मध्ये आफ्नै छुट्टै पहिचान र ब्राण्डको रुपमा स्थापित हुन सफल भएको छ । यो विशुद्ध रुपमा औद्योगिक एक्स्पो भएकाले यसको माध्यमबाट उत्पादक र उपभोक्ता बिच व्यावसायिक अनुभवको प्रत्यक्ष आदान प्रदानका साथै उद्यमी व्यवसायीलाई व्यवसायीक सम्बन्धको विकास र नयाँ प्रविधिको पहिचान गर्न पर्याप्त सघाउ पुर्याउनेछ ।

यसअघि सातौं संस्करणको विराट एक्स्पोमा कृषि तथा औद्योगिक प्रदर्शनी र साँस्कृतिक कार्यक्रमसँगसँगै आर्थिक एवम् औद्योगिक क्षेत्रका विषयगत मुद्दाहरुमा केन्द्रित दैनिकरुपमा फरक फरक विषयमा शैमिनारहरु आयोजना गरिएको थियो । नवप्रवर्तननई प्रोत्साहन गर्न स्टार्टअप पेभिलियन, श्रम रोजगार फाँटका लागी रोजगार पेभिलियन, पर्यटन प्रवर्धनका लागी पर्यटन पेभिलियन र लगानी पेभिलियन हरुको छुट्टा छुट्टै व्यवस्थापन गरि समग्र औद्योगिक विकासको इकोशिष्टमको प्रवर्धन गर्ने प्रयास गरि केहि फरक र नयाँपन दिने प्रयत्न गरिएको थियो ।

युवा पलायन वर्तमान समयमा सर्वत्र चासो र चिन्ताको विषय भईरहेको अवस्थामा युवालाई स्वदेश मै काम गर्नसक्ने बाताबरण तयार गर्न फाउण्डेशन बाटै काम गर्नुपर्दछ भन्ने मान्यताका साथ यस पटक आठौं संस्करणको विराट एक्स्पोलाई त्यस प्लेटफर्मको रुपमा प्रयोग गरिनेछ । एक्स्पोमा कोशी प्रदेशको समग्र आर्थिक विकासको औद्योगिक ईको सिस्टम निर्माणका साथै उद्यमशिलताको विकासलाई मोमेन्टम दिन डिजिटल प्रविधिको प्रयोगमा फोकस गरिएको छ । विशेषगरि युवाहरुले डिजीटल प्रविधिमा आधारित रहेर संचालन गरेको उद्योग/व्यावसायले प्राप्त गरिरहेको सफलतालाई मध्यनजर गरि करियर काउन्सिलिङ, ए. आई. कन्फेन्स, Startup Vision Koshi Hackthon, रोजगार कोशी पेभिलियन, डिजिटल पेभिलियन, विदुवि विराट बजार, विजनेश क्लिनिकलाई विशेष आकर्षणको रुपमा समावेश गरिएको छ । त्यसैगरी कृषि, पर्यटन, खाद्य, स्वास्थ्य, शिक्षा, अटोमोवाईल लगायतको सहभागिताका अलावा उद्यम शिलता विकासका लागि आवश्यक पर्ने सबै प्रकारका व्यावसाय विकासका सेवाहरु प्रदर्शन हुने गरी व्यवस्था मिलाईएको छ । एक्स्पो अवधिमा हरेक दिन विभिन्न थिमेटिक शेशनहरु सञ्चालन गर्ने कार्यक्रम रहेको छ । पर्यटन प्रवर्धन गर्नका लागी गन्तब्यहरुको प्रबर्धन, पर्यटन पूर्वाधार, सांस्कृतिक पर्यटन विकास, पर्यटनलाई स्थानीय उत्पादनसंग जोड्ने फरवार्ड र व्याकवार्ड लिकेंज अभिवृद्धि गर्ने विभिन्न कृयाकलापहरु सञ्चालन गरिनेछ ।

उद्योग संगठन मोरङले विगत केही समय देखि व्यावसायीक विकासको ईको सिस्टमलाई प्रवर्द्धन गर्ने अभिप्रायले फाउण्डेशनका रुपमा गर्दै आएको कार्यलाई ऋभलतभच ायच भ्हअर्भाभिलअभ स्थापना गर्ने भावनाका साथ यसपटकको आठौ संस्करणमा बिराट बजार विदुबि, बिराटनगर इन्कुवेश सेन्टर एवं भिजन कोशी हाकाथन, रोजगार कोशी प्राविधिक शिक्षाको महत्वबारे करिअर काउन्सेलिङ, डिजिटल कोशी एवाई कन्फरेन्स, थिमेटिक शेसनहरुलाई विशेष महत्वका साथ समावेश गरेको छ ।

यस पटकको विराट एक्स्पो २०२५ को थिम, मास्टर मुख्य कार्यक्रम हाइलाइट तथा आकर्षणहरु निम्न बमोजिम छन :

विराट एक्स्पो २०२५ Digital KoshiM Bridging Innovation & Investment

मिति: २०८१ माघ ११ देखि २० गतेसम्म, स्थान: डिग्री क्याम्पस परिसर, विराटनगर-१४, समय : बिहान १० देखि राती ८.०० बजेसम्म

पेभिलियन तथा स्टल सङ्ख्या : २६८ बटा

एक्स्पोमा ९ पेभिलियन रहने छ । जसमध्ये बिराटबजार विदुवि (१२ वटा स्टल), स्टार्टअप भिजन कोशी ह्याकाथुन (१२ वटा स्टल), रोजगार कोशी (१२ वटा स्टल), व्यावसायीक सेवा प्रदायक, सूचना, शिक्षा तथा डिजिटल प्रविधि (४० बटा स्टल), अटोमोबाइल्स (२० वटा स्टल), औद्योगिक (७५ वटा स्टल), औद्योगिक, कर्पोरेट, कृषि, पर्यटन तथा एसएमईज (७५ वटा स्टल), खाद्य (१० बटा रटल) र प्रायोजकका (१२ वटा स्टल) रहने छन ।

थिम : Digital KoshiM Bridging Innovation & Investment

कृषि, उद्योग तथा पर्यटन लगायतका आर्थिक एवं औद्योगिक कृयाकलापहरुमा डिजिटल प्रविधिको प्रयोग र प्रविधिमा आधारित नविनतम ज्ञान एवं लगानीलाई समन्वयात्मक रुपमा प्रोत्साहन गर्न यसपटक डिजिटल कोशी बिजिङ इनोभेशन एण्ड इन्भेष्टमेन्ट थिम चयन गरिएको छ ।

माष्कट : माष्कटमा एक रोबोटको चित्र छ । रोबोटको अर्थ अब स्वचालित यन्त्रको प्रयोगलाई बढाउनुपर्छ र हामीले अटोमेसनलाई आत्मसात् गर्नुपर्छ भन्ने हो । रोबोटको शरीर मकैको घोगाले कृषि क्षेत्रको उत्थान, हातमा उद्योगको भवनले डिजिटल प्रविधिमा आधारित कृषिजन्य उद्योगलाई प्राथमिकता, शिरमा सगरमाथाको चित्रले पर्यटन विकासलाई जनाएको छ । यसप्रकार डिजिटल प्रविधिमा आधारित कृषि, कृषिजन्य उद्योग र पर्यटनको विकास नै यस मासकटको मूल सन्देश हो ।

१) Birat Bazzar B@B

विराट बजार विटुवि पेभिलियन विराट एक्स्पो २०२५ को महत्वपूर्ण आकर्षण हो । औद्योगिक विकासका लागी व्यवसायीक विकासका सेवाहरुको इकोशिष्टम अभिवृद्धि गर्ने संगठनको मूख्य कार्यक्रमहरु उजागर गर्ने यस पेभिलियनलाई संगठनले सेन्टर फर एक्सिलेन्सका रुपमा अघि बढाएको छ ।

२) गुणस्तरिय व्यवस्थापन प्रणाली स्व : परिक्षणको व्यवस्था :

उद्योगी व्यवसायीले आफ्नो उद्योग, औद्योगिक प्रतिष्ठानहरुको गुणस्तर मापदण्ड प्रणाली अनुसार कस्तो अवस्थामा छ, अनुपालना गर्नु पर्ने प्रावधानहरुको पालना

वांकी अन्तिम पेजमा...

# लागुऔषध ब्राउन सुगर सहित १४ पक्राउ

बिराटनगर। झापा र मोरङबाट लागुऔषध सहित १४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

विहीवार झापाको इलाका प्रहरी कार्यालय झिलझिलेबाट खटिएको प्रहरी टोलीले शिवसताक्षी नगरपालिका-११ स्थितबाट २ ग्राम ५० मिलिग्राम ब्राउन सुगर सहित दमक नगरपालिका-४ का २६ बर्षीय सरुप राई र उनको श्रीमती ३२ बर्षीया आरती मगरलाई नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी मोरङको बिराटनगर-१५ का १९ बर्षीय शेर मोहमद र ३५ बर्षीय रामु साहलाई ३ ग्राम ५ मिलिग्राम ब्राउन सुगर सहित इलाका प्रहरी कार्यालय रानी र लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरले पक्राउ गरेको थियो ।

त्यस्तै इलाका प्रहरी कार्यालय पथरीले पथरीशनिश्चरे-१ का २१ बर्षीय हेरी मगरलाई ट्रमाडोल र स्पासपेन गरी जम्मा २३६ चक्की सहित नियन्त्रणमा लिएको छ भने अस्थायी प्रहरी पोष्ट भेडियारीले बिराटनगर- १८ स्थितमा बेबारिसे अवस्थामा रहेको ११ किलोग्राम गाँजा बरामद गरेको थियो ।

बुधवार मोरङको इलाका प्रहरी कार्यालय मधुमल्लाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा उर्लाबारी नगरपालिका-१ का ३९ बर्षीय अमर मगर, २० बर्षीय निरज सुन्दास, २८ बर्षीय प्रेम प्रसाद खनाल, उर्लाबारी-४ का २९ बर्षीय प्रकाश श्रेष्ठ, मिक्लाजुङ गाउँपालिका-६ का २३ बर्षीय मनिष मगर र २२ बर्षीय सुदिप हुमागाईलाई १ ग्राम ब्राउन सुगर, निषेधित औषधी क्उबकतष्ल १०० क्यापसुल र त्चकबमर्या १०० ट्याबलेट सहित नियन्त्रणमा लिएको थियो ।

इलाका प्रहरी कार्यालय हरैचाले ग्रामथान गाउँपालिका-७ का ५६ बर्षीय बबिन्द्र साहलाई ५ सय ३७ ग्राम गाँजा सहित उनकै घरबाट पक्राउ गरेको थियो ।

त्यसै गरी झापाको इलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा झापा-६ का २३ बर्षीय समिर तामाङ र २० बर्षीय सनम तामाङलाई प्रतिवन्धित औषधी १ सय ९५ ट्याब्लेट टरमाडोल र स्पासपेन सहित नियन्त्रणमा लिएको छ ।

# छुवाछुत गर्न नहुने : सभामुख

उषा सरदार

बिराटनगर । जात र वर्गको आधारमा छुवाछूत गर्न नहुने कानुनमा उल्लेख भए पनि ब्यवहारमा अझै लागू हुन नसकेको कोशि प्रदेशका सभामुख अम्बर बहादुर बिष्टले वताएका छन् ।

बिराटनगरमा दलित महिला संघ (फेडो) ले आयोजना गरेको २ दिने दलित महिला सशक्तीकरण र समाबेशिकरणको सवाल बिषयक कोशी प्रदेश स्तरीय कार्यक्रमलाई फूलका गमलामा पानी हालेर समुद्घाटन गदै सो कुरा वताएका हुन्। सभामुख बिष्टले सरकारले दलित र गौर दलित बिचको खाडललाई पुर्न हरेक मठ मन्दिरमा दलित पुजारी राखियो भने केही हदमा विभेद अन्त्य हुने दावी गर्दै कानुनीकै अभाव भएर दलित वर्गको उत्थान भएको छैन भने हामी यो कुरामा सचेत भएर अगाडी बढ्नु पर्न वताए ।

त्यसैगरी आन्तरिक मामिला तथा कानुन मन्त्री रेवती रमण भण्डारी समाजमा अहिले पनि दलित र गौर दलित बिच विभेद कायमनै रहेको बताउदै राजनीतिक ब्यवस्थाबाट ब्यवस्था परिवर्तन गर्ने छिटो र छरिटो उपाय रहेको छ । हजारौं वर्ष देखि संस्कृति र संस्कारको रुपमा जरा गाडेर रहेको बिभेदलाई तत्कालै न भइ बिस्तारै समाप्त गर्नु पर्ने वताए। उहाले राजनीति बाट छिटोछरितो ब्यवस्था र अवस्था परिवर्तन गर्ने सकिनेमा जोड दिनु दिदै दलित र गौर दलित शब्द हाम्रो लागि कलंक कै रुपमा रहेकोले यसलाई अन्त्य गर्न गैर दलितले भुमिका खेल्नु पर्ने सझाव दिएका थिए ।

कार्यक्रमका दलित अगुवाहरुले छुवाछूत अन्त्य गर्ने बिषय कानुनमा उल्लेख भए पनि अहिले सम्म ब्यवहारमा लागू हुन नसकेको वताएका छन । ब्यवहारमा सुधार नभए सम्म समाज र परिवारमा सुधार न आउने भएकोले सबै भन्दा पहिले विभेद र छुवाछूत ब्यवहारबाट हटाउनु पर्नेमा जोड दिएका थिए

दलित महिला संघकि केन्द्रीय अध्यक्ष कला स्वर्णकारले राज्यले ब्यवस्था परिवर्तन गरे पनि दलितहरुको अवस्था परिवर्तन हुन नसकेको धारणा राखे। उहाँले दलित समुदायले पनि दलितको सरकार हो भन्ने अनुभुती गर्न पाउने काम गर्न आग्रह गर्नु गरेका थिए। सरकारले पनि दलित हरुको हकहितलाई संरक्षण गर्दै हरेक निकायमा समाबेश गर्ने खालको कानुन निर्माण गर्न आग्रह गरेका थिए।

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसाबमा भर, हच्चुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

## विराट एक्स्पो...

भएको छ छैन लगायत समग्र आफ्नो उद्योगको अवस्था एवं क्षमताका बारेमा स्व: गुणस्तरिय व्यवस्थापन प्रणालीको परिक्षण गर्न सक्ने छन । डिजिटल प्लेटफर्म मार्फत आफै मोबाइल मार्फत आफ्नो उद्योगको व्यवस्थापकिय क्षमताका आँकलन गर्ने र सो को नतिजा तुरुन्त प्राप्त गर्ने गरि व्यवस्था मिलाईएको छ ।

३) भर्चुअल विजनेश क्लिनिक :यसपटकको एक्स्पोमा विजनेश क्लिनिकलाई भर्चुअल प्लेटफर्मका रुपमा विकास गरि अवलोकनकर्ता उद्योगी व्यवसायीहरुको उद्योग विशेषका समस्याहरुलाई दर्ता गराउने व्यवस्था मिलाइएको छ ।

४) Biratnagar Incubation CentreM Vision Koshi Hackathon and Startup Conference

यस हाकाथनमा १० दिनको प्रतिष्पर्धा गराईने छ । नविनतम व्यवसायीक आइडिया भएका युवाहरुलाई उद्यमशिलतामा रुपान्तरण गर्ने उद्देश्यले गर्न लागिएको यस पेभिलियनमा कृषि, उद्योग र पर्यटन क्षेत्रका समस्यालाई प्रविधिमा आधारित बिजनेश विकास गर्न इच्छुक युवाहरुलाई छनौट गरि १० कार्यदिनमा समाधान निकाल्ने गरि ह्याथुन कार्यशालामा राखिन्छ र कार्यक्रमको अन्त्यमा इन्भेष्टर्स मिट तथा नीतिगत छलफलका स्टार्टअप कन्फेरेन्स समेत आयोजना गरिने छ ।

५) रोजगार कोशी

रोजगार कोशी पेभिलियन अन्तरगत युबाहरुलाई करिअर काउन्सेलिङ गर्दै हस्पीटालिटी, आईटि र इलेक्ट्रिकलका क्षेत्रमा एक्स्पो अवधीमा १८०० जनालाई प्रत्यक्ष तालिम दिने, प्रमाण पत्र दिने, करियरको मार्गवृत्तीको अवस्था देखाउने, उपलब्ध रोजगारीका अवसरमा सम्पर्क स्थापित गर्ने कार्यक्रम रहेको छ ।

६) इनर्जि ईफिसियन्सी कार्यक्रम

संगठनले सञ्चालन गरेको इनर्जी इंफिसियन्सी सम्बन्धी कार्यक्रम अन्तरगत इनर्जी अडिट, फायर सेफ्टी ऑडट लगायतका सेवाहरुका बारेमा एक्स्पो अवधीमा जानकारी गराई उद्योगीहरुलाई इनर्जी इफिसियन्सी अडिटका लागी प्रोत्साहित गर्ने कार्यक्रम रहेको छ ।

७) मेरो देश मेरै उत्पादन अभियान

स्वदेशी उत्पादनको प्रवर्धनका लागी सञ्चालन गरिएको अभियान मेरो देश मेरै उत्पादनलाई प्रवर्धन गर्न अनलाईनबाट आवेदन माग गरि ईच्छुक स्वदेशी उद्योगी व्यवसायीको ब्राण्डिङमा सघाउ पुर्याईने छ ।

८) डिजिटल तथा विजनेश डेभलपमेन्ट सर्भिस पेभिलियन

यस पेभिलियनको पहिलो खण्डमा आईटि तथा डिजिटल प्रविधिको क्षेत्रमा नेपालमा उपलब्ध प्रविधि, प्रोसेस, पूर्वाधार, उपकरण तथा पड़तीहरु समेटिएको छ। दोश्रो खण्डमा बैंक तथा वित्तिय संस्था एवंम फण्ड म्यानेजमेन्ट कम्पनीहरु, विमा, परामर्शदाताहरु, सरकारका औद्यौगिक विकासका उपलब्ध सेवाहरु तथा प्रकृयाहरु, शैक्षिक स्वास्थ्य तथा जन्य क्षेत्रका का बारेमा सूचना सेवाहरु एक्स्पोमा समावेश गरिएको छ ।

९) थिमेटिक शेसन

एक्स्पो अवधीभर विविध विषयमा थिमेटिक शेशनहरुको आयोजना गरिने छ । बिशेषत उद्यमशिलता विकासको सन्दर्भमा नीतिगत, कानुनी, प्रकृयागत विषयहरुमा संघिय सरकार, प्रदेश सरकार, स्थानीय सरकारका साथै विषयगत विज्ञहरु र वहुपक्षिय सरोकारवालाहरुको सहभागितामा गहन छलफल तथा बहस गर्ने गरिने छ । आठ दिन ईन्टरप्राईजिङ ईष्ट, डिजीटल कोशी अन्तर्गत ए. आई प्रविधिको विकास र यसको बढदो उपयोगिता, बहुपक्षिय व्यापारको सम्भावना, टिभेट ईकोसिस्टमको सुदृढिकरण, स्टार्टअप, कोशी प्रदेशको औद्योगिकीकरणमा गुणस्तरीय उर्जाको उपलब्धतता विषयक थिभेटिक सेसन र अन्त्यमा उद्योग संगठन मोरङको विजनेश क्लिनीकमा उद्योग मन्त्रीज्यूको उपस्थितीमा उद्योग व्यावसाय क्षेत्रले भोग्दै आएका समस्याका सम्बन्धमा छलफल गर्ने कार्यक्रम रहेको छ ।

१०) थिमेटिक फैशन शो

प्रविधि विकाससंगै मानिसको दिनचर्यामा भईरहेको परिवर्तनलाई मध्यनजर गरी प्रविधि र फैशनको फयूजन गरी एक्स्पो अवधिमा थिमेटिक फैशन शोको आयोजना गरिने छ ।

११) उत्कृष्ठ चम्भी पुरस्कार

एक्स्पोमा सहभागीहुने सबै प्रदर्शनकर्ता उद्योगी व्यवसायीहरुलाई प्रोत्साहन गर्न कृषि, उद्योग, व्यापार, अटोमोवाईल्स, स्पन्सर/पेभिलियन अन्तर्राष्ट्रिय विधाहरुमा उद्योगीहरु छनौट गरि समापनका अवसरमा पुरस्कृत गरिने कार्यक्रम रहेको छ ।

१२) सांस्कृतिक कार्यक्रम

एक्स्पो अवधिमा प्रत्येक दिन साँझ राष्ट्रिय रुपमा ख्यातिप्राप्त पूर्ण राई, लाहुरे, मंकी टेम्पल, जेम्सी, तृष्णा गुरुङ, रक हेडस, एकदेव लिम्बु, सौरभ भट्टराइ, शैलेश निरौला, अस्मिता अधिकारी, मिस्टर डि, सुमन आचार्य, स्वप्न सुमनका साथै स्थानीय कलाकारहरूको प्रस्तुति रहनेछ ।

१३) विद्यार्थीहरुका लागी विशेष कार्यक्रम

यस एक्स्पोमा विद्यार्थीहरुका लागी गाईडेड टुरको व्यवस्थापन गरिएको छ । विद्यार्थीहरुलाई विराट एक्स्पोमा रहेको पेभिलियन र तालिम अवलोकन गराईनेछ र ४ वटा स्थानमा बिदुवि, रोजगार, स्टार्टअप र डिजिटल पेभिलियन्मा आधा आधा घण्टाको अन्तरकृया गरि त्यस बारे जानकारी गराईनेछ । हरेक दिन विभिन्न विज्ञ तथा मैन्टरहरुसंग साक्षात्कार गराईने छ । प्लस टु र सो भन्दा माथी अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरि प्रत्येक दिन ५ वटा कलेजका बढिमा प्रति कलेज ५० जना विद्यार्थीहरुको समुहलाई सम्बन्धीत कलेजले सहभागी गराउने छ । बिहान १० बजेदेखि ११ बजेसम्म दैनिकरुपमा सञ्चालन हुने यस कार्यक्रममा प्रवेश पास निशुल्क गरिएको छ । यसका लागी संगठनको वेवसाईटमा गई कलेजहरुले समय बुक गर्न सक्ने व्यवस्था मिलाईएको छ ।

१४) प्रवेश शुल्क सम्बन्धी व्यवस्था

बिहान १० बजे देखि दिउसो ३.३० बजेसम्म प्रवेश शुल्क रु १००, दिउसो ३.३० बजेदेखि ४.०० बजेसम्म आधा घण्टा ब्रेक, विउँसो ४ बजेदेखि पछि रु २०० कायम गरिएको छ ।

विराट एक्स्पो २०२५ को आन्तरिक तयारी सबै पुरा भईसकेको छ । र अब हामी फिल्डको निर्माणको चरणमा प्रदेश गरेका छौ । एक्स्पो सम्बन्धीका सबै सूचना तथा अपडेटहरु संगठनको वेवसाईट धधधा।अष।यचन।लउ मार्फत हेर्न सकिने व्यवस्था मिलाईएको छ ।

एक्स्पोको टाईटल स्पोन्सरका रुपमा कम्पनीको नाम साईमेक्स प्रा.लि. वि.वाई.डि रहेको छ । विवाईडि विराट एक्स्पो २०२५ को टाइटलबाट यस पटकको एक्स्पो आयोजना हुनेछ । विवाई डि ले विराट एक्स्पोमा मात्रै होइन, संगठनका कार्यक्रमहरु विशेष गरि बिराट बजार बिटुवि, स्टार्टअप हाकाथन, रोजगार कोशीको सज्वालनमा समेत छुट्टै सहयोग गरेको छ । बिशेत उद्यमलिशता विकासको इकोशिष्टम विकासमा फाउण्डेशनका रुपमा रहेका संगठनका कार्यक्रमहरुलाई यसरी उच्च महत्वका साथ गरेको सहयोग प्रति विवाईडि लाई हार्दिक आभार प्रकट गर्दछौ । त्यसैगरि, गोल्ड स्पन्सरमा सेन्चुरी स्पाईसेस एण्ड स्यान्क्स, बैंकिङ पार्टनरमा नविल बैंक लि., इन्स्यारेन्स पार्टनरमा एन.एल.जि इन्स्योरेन्स, सिल्भर स्पन्सरमा वागमति आयल ईण्ड, पूर्वाञ्चल न्यूव आयल, लोक्ता, क्यालिटी, निमेटो टाईल्स, ईको फयाय, सानिमा बैंक लि., शिखर इन्स्योरेन्स रहेको छ । प्रवर्द्धकमा कोशी प्रदेश सरकार, विराटनगर महानगरपालिका, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग बाणिज्य महासंघ कोशी प्रदेश रहेको छ । सहयोगी संस्थामा मोरङ उद्योग व्यापार संघ, डिग्री क्याम्पस विराटनगर रहेको छ । Contributors मा नेपाल मल्टिट्रेड सेन्टर, एम एम ग्रुप, आर. के. जी ग्रुप, कावरा जी ग्रुप, फुजिमा आयल कम्पनी, प्रिमीयर बायर्स, न्यू ए.सि.सि. ईट्टा उद्योग प्रा.लि., पशुपति पोलिपोपलिन ईण्ड प्रा.लि., रविन्द्र होजियारी ईण्ड रहेको प्लयधभिमनभ एबचतलभच मा पूर्वाञ्चल विश्वविद्यालय, त्खम्त एबचतलभच मा इन्स्योर परियोजना, स्टार्टअप पार्टनरमा सहज, ईन्टनरनेट पार्टनरमा नेपाल टेलिकम, Digital Partner df CAN Federation Morang Automobile Partner मोरङ अटोमोवाईल डिलर एशोसिएसन (माडा), Techonology Partner, Ballyo Ventures, Techfinity Solution, Icecream Partner Baby Icecream, Surveillance Partner Jovision, Event Management Introduction Trade Shows Nepal Pvt. Ltd, Interior Partner MIS Interior, Branding Partner Pigeon Adverising Outdoor Advertisisng Partner आकृक्ति एडभरटाइजिङ रहेको छ ।

रोजगारी कोशी पेभिलियनमा सञ्चालन हुने तालिममा सहकार्य सास्थम कलेजले कफि, मनमोहन प्राविधिक विश्वविद्यालयले मोटर वाईन्डिङ, टेक्फिनिटि सोलुसनले सिसि टिभि, टिभेट पार्टनरमा स्विस सहकारको सहकायोगमा सञ्चालित इन्स्योर, क्यालीटी तथा एनभिक्युयस परियोजना रहेका छन । त्यसैगरि, भिजन कोशी ह्याकाथनमा विराटनगर महानगरपालिका, पूर्वाञ्चल विश्वविद्यालय कार्यान्वयन, प्रवर्द्धकमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश, अमेरिकन कर्नर विराटनगर, सहज, Industrial Enterprises Development Institute, किगंस कलेजले नलेज पार्टनर, इकोशिष्टिम पार्टनरमा एन्जल ईभेन्ष्टर विराटनगर, वलियो भेन्चर, एक्सेस आउटसोर्स, विकल्प, टेफिनीटी, आबर विराटनगर, पिजन एडभरटाईजिङ रहेको छ ।

अन्त्यमा, एउटा प्रष्ट थिममा आयोजना गर्न लागिएको यस एक्स्पोलाई भब्य बनाउनका लागि संगठनको सम्पूर्ण टिम यद्धस्तरमा परिचालित भएको छ । आदरिणय पत्रकार मित्रहरु तपाईहरुले संगठनका हरेक कृयाकलापहरुलाई यहाँको लोकप्रिय सञ्चारमाध्यमबाट आम सरोकारवाला माझ पुऱ्याई सधै सहयोग गरिरहनु नै भएको छ यस प्रति तपाई तमाम सञ्चारकर्मी मित्रहरुमा हार्दिक आभार प्रकट गर्दै यस पटकको विराट एक्स्पो २०२५ का बहुआयामिक पक्ष तथा सूचनाहरूलाई सम्प्रेषण तथा प्रचार-प्रसार गरी सदाझै एक्स्पोलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुर्याइदिनुहुन सम्पूर्ण सञ्चारकर्मी मित्रहरूमा हार्दिक अनुरोध गर्दछौं ।

भोलेश्वर दुलाल संयोजक विराट एक्स्पो २०२५ व्यवस्थापन समिति उद्योग संगठन मोरङ, राकेश सुराना अध्यक्ष उद्योग संगठन मोरङ २०८१ पौष २२ गते, सोमवार

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

## लागुऔषध ओसार पसारमा संलग्न ९ पक्राउ




सुनसरी । सुनसरी जिल्ला को छुट्टा छुट्टै स्थानबाट लागु औषध ओसार पसारमा संलग्न रहेको आरोपमा ९ जनालाइ प्रहरीले पक्राउ गरको छ ।

ट्रामाडोल ४२ हजार ६ सय क्याप्सुल सहित २ जना र वेचविखन तथा ओसार पसारमा संलग्न ७ जना जना गरी ९ जनालाई विहीवार प्रहरीले पक्राउ गरेको थियो ।

पक्राउ पर्नेमा धरान-८ स्थितमा डेरा गरी बस्दै आएका हरीनगर गाउँपालिका -४ का ३१ बर्षीय अरसद अन्सारी र हरीनगर-२ का ४५ बर्षीय जियाउल अन्सारी ले लागुऔषध बेचबिखन गरिरहेको छ भन्ने सुचनाको आधारमा इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले कोठा भित्र रहेको जेब्रा झोलामा लुकाईछिपाई राखेको लागुऔषध ट्रामाडोल ४२ हजार ६ सय क्याप्सुल फेला पारी दुबै जनालाई नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी अस्थायी प्रहरी पोष्ट जोरसखुवाको प्रहरी टोलीले धरान-१६ का २४ बर्षीय सुमित भुजेललाई ९ सय क्याप्सुल नियन्त्रित औषधी ट्रामाडोल, ट्रामानिल र १ हजार क्यापसुल स्पास्पेन सहित नियन्त्रणमा लिएको थियो ।

अस्थायी प्रहरी पोष्ट देउरालीले ट्रामोल, स्पास्पेन गरी जम्मा २६३ ट्याब्लेट, डाईजे एभिल १ सेट र नगद ४४ हजार २७५ रुपैया सहित धरान-५ का १८ बर्षीय भुपेन विश्वाकर्मा, २१ बर्षीय साहिल राई, २७ बर्षीय राकेश तामाङ, ४० बर्षीय नबराज राई र धरान- १५ की २७ बर्षीया सोनु राईलाई धरान-५ बाट पक्राउ गरेको थियो ।

त्यस्तै कोशी गाउँपालिका-८ बाट इलाका प्रहरी कार्यालय भण्टाबारले १ ग्राम ७०० मिलिग्राम ब्राउन सुगर सहित प्र.२-०३-०१५ प ७४१९ नम्बरको मोटर साईकल चालक सप्तरीका २६ बर्षीय रंजित माझीलाई नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका सबै उपर सम्वन्धित प्रहरी कार्यालयबाट थप अनुसन्धान भई रहको छ ।

## विपन्न वर्गलाई पहिलो चरणमा निःशुल्क स्वास्थ्य विमा

विराटनगर । विराटनगर महानगरपालिका वडा नं. ६ का वडाअध्यक्ष हरिश चन्द्र सहनीले पहिलो चरणमा वडा भित्रका विपन्न परिवारलाई निःशुल्क स्वास्थ्य विमा गराउने उदेश्यले ८ सय १५ विपन्न परिवारको तथ्यांक संकलन गरका छन् ।

वडाअध्यक्ष सहनीले वडामै पत्रकार सम्मेलन गरी सो कुराको जानकारी गराएको हो । वहाँले भने स्वास्थ्य सेवा मौलिक हकको रुपमा संविधानमा नै व्यवस्था भएकोले त्यसलाई सुनिश्चित गर्ने उदेश्यका साथ निःशुल्क स्वास्थ्य विमाको लागि यस आर्थिक वर्षमा ३५ लाख बजेट विनियोजन गरेका छौ । पहिलो चरणमा विपन्न परिवारलाई निःशुल्क विमा गराउँछौ । त्यसपछि मध्यम वर्गिय परिवार र अन्तमा वडामा रहेका सम्पूर्ण घरपरिवारलाई निःशुल्क स्वास्थ्य विमा गराई दिने वताए ।

वडावासीहरुलाई आधारभुत स्वास्थ्य सेवासम्म पहुँच पुगोस र जटिल रोगीहरु पनि विशेषज्ञ सेवावाट बंन्चित नहोस भन्ने उदेश्यका साथ निःशुल्य स्वास्थ्य विमा कार्यक्रम ल्याएका छौ । जसले गर्दा वडावासीले १ लाख सम्मका उपचारको लागि कसैसंग हात फैलाउनु, ॠण लिनु वा माग्नु पर्दैन वडाअध्यक्ष सहनीले वताए ।

निःशुल्क विमाको लागि पहिलो चरणमा ८ सय १५ जनाको तथ्यांक संकलनमा वडाले कुनै खर्च गरेको छैन नत कुनै कर्मचारी खटाएका छ । सो तथ्याँक स्वास्थ्य स्वयमसेवीहरुले संकलन गरी दिएकोमा वहाँहरुलाई वडाअध्यक्ष सहनीले विशेष धन्यवाद दिएका थिए ।



# चालक र सहचालकहरुको स्वास्थ्य परिक्षण



विराटनगर । मोरङको बुढिगंगा गाउँपालिका-४ स्थित कोशी लोकमार्गमा सवारी चालक तथा सह-चालकहरुको स्वास्थ्य परिक्षण तथा लापसे जाँच गरीएको छ ।

कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक राजन अधिकारीको प्रमुख आथित्यता तथा जिल्ला प्रशासन कार्यालय मोरङका प्रमुख प्रेम प्रसाद भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा सडक सुरक्षा र दुर्घटना न्यूनीकरणका लागि सवारी चालक तथा सहचालक हरुको स्वास्थ्य परिक्षण तथा लापसे जाँच गरीएको थियो ।

उक्त कार्यक्रमलाई सम्वोधन गर्नु हुँदै प्रमुख अतिथि अधिकारीले सवारी साधन हाम्रो दिनचर्यालाई सहज बनाउन अति आवश्यक भएको तर सवारी साधनबाट हुने दुर्घटना हाम्रो सामु ठुलो चुनौतीकोरुपमा रहेको छ। यस्ता विविध कारणबाट हुने सवारी दुर्घटनाहरु मध्ये सबै भन्दा बढी चालकको लापर्वाहीको कारणबाट भएको तथ्यांकले देखाउछ। ति मध्ये कतिपय दुर्घटनाहरु चालक हरुको स्वास्थ्य अवस्था कमजोर भएर पनि हुने गरेको कारण एउटा स्वस्थ्य चालकले मात्र सुरक्षित यात्रा सुनिश्चित गर्न सक्छ भन्ने उद्धेश्यले स्वास्थ्य शिविरको आयोजना गरिएको वताए ।

जिल्ला प्रशासन कार्यालय मोरङ, जिल्ला प्रहरी कार्यालय मोरङ, जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङ र बुढिगंगा गाउँपालिका तथा बिराट टिचिङ अस्पतालको सहकार्यमा संचालन भएको स्वास्थ्य शिवरमा ५० जना सडक प्रयोगकर्ता ५५ जना चालक तथा सहचालक हरुको स्वास्थ्य परिक्षण गरिएको थियो भने ११ जना सवारीका चालकहरुले लापसे सेवन गरेको पाईएकोले आवश्यक कारवाहीको लागी नियन्त्रण मा लिईएको छ ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी प्रमुख प्रहरी उपरीक्षक नारायण प्रसाद चिमरीया, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यावस्थापन कार्यालय इटहरीका प्रमुख प्रहरी उपरीक्षक विनोद घिमिरे, बिभिन्न सुरक्षा निकायका प्रमुखहरु स्थानिय जनप्रतिनिधिहरु तथा संचारकर्मीहरु को उपस्थिति रहेको थियो ।

# गोली फायर गरी गाँजा सहित ६ जना पक्राउ

धनकुटा । धनकुटाको साँगुरीगढी गाउँपालिका-९ स्थितबाट प्रहरीले गोली फायर गरी लागूऔषध गाँजा बोकेको ५ वटा मोटर साईकल सहित ६ जनालाई पक्राउ गरेको छ ।

बुधवार बिहान सवा ४ बजे लागूऔषध गाँजा बिक्रिवितरण तथा ओसार पसार भइरहेको भन्ने विशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय भेडेटारबाट खटिएको प्रहरी टोलीले ओसार पसारमा संलग्न रहेका ६ जनालाई उनिहरुले मोटरसाईकलमा बोकेको १२० किलोग्राम गाँजा सहित ५ वटा मोटरसाईकल नियन्त्रणमा लिएको थियो ।

पक्राउ पर्नेहरुमा धनकुटा सहिदभुमी गाँउपालिका-१ का ३४ बर्षीय नकुल राई, २१ बर्षीय ओम प्रकाश राई, साँगुरीगढी -८ का २८ बर्षीय मंगल कुमार राई, २९ बर्षीय बिसन राई, २६ बर्षीय थाम बहादुर राई, २१ बर्षीय सुमन राई रहेकाछन भने उनिहरुले



साँगुरीगढी-९ स्थित कच्ची सडक खण्डमा चेकजाँचको क्रममा एक साथ आउँदै गरेको ५ वटा मोटरसाईकल रोक्ने क्रममा मोटर साईकलमा सवार रहेका व्यक्तिहरुले प्रहरी टोलीमाथी नै हातपात तथा ढुंगामुडा प्रहार गरे पश्चात प्रहरीले एसएलआर राईफलबाट एक राउण्ड हवाई फायर गरी प्रयोग गरेको को. ३८ प ३५२२, प्रदेश १-०२-०५३ प ९६६३, प्रदेश १-०२-०५३ प ८६१७, प्रदेश १-०२-०४३ प ९५९६ र को. १४ प ७७५० नम्बरको मोटरसाईकल रहेको छ ।

लागूऔषध गाँजा सहित पक्राउ परेका उनिहरुको जिल्ला प्रहरी कार्यालय धनकुटाबाट कानूनी कारवाही तथा थप अनुसन्धान भईरहेको छ ।

## नेता बनें...

अध्ययन अनुसार मुलुकमा राम्रा भन्न मिल्ने रोजगारी भने प्रत्येक वर्ष बीस हजार पनि थपिँदैनन् । सरकारी पेशामा कार्यरत कर्मचारी र सुरक्षा कर्मी पेशाप्रति सन्तुष्ट छैनन् । चालु आर्थिक वर्ष २०८०/८१ मा ७९४ निजामती कर्मचारी ले सेवावधि बाँकी रहँदै राजीनामा बुझाएका छन्। यसैगरी ५ वर्षमा १० हजार सैनिक र प्रहरीले जागिर छाडेका छन्। प्रायःको गन्तव्य वैदेशिक रोजगारी रहेको छ। पेशा छोड्नुको मुख्य कारण बढ्दो महँगी र कम तलब नै हो।

वैदेशिक रोजगार बोर्डका अनुसार आव २०६५/६६ साउनदेखि चालु आवको कात्तिकसम्म १३ हजार ८२३ जनाले विदेशमा ज्यान गुमाएका छन् । यो अवधिमा साउदी अरब, कतार र मलेसियामा सबैभन्दा बढी नेपालीले ज्यान गुमाएका छन्। चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चार महिनामा ४७७ युवाले ज्यान गुमाएका छन् । दैनिक औसतमा चार शव काठको बन्द बाकसमा विदेशबाट नेपालको अन्तर्राष्ट्रिय त्रिभुवन विमानस्थलमा आइ पुग्छन् । देशको आर्थिक संकट र बेरोजगारीका कारण विदेश पलायन हो ।

चालु आर्थिक वर्षको असोज महिनासम्म नेपाली विद्यार्थी मार्फत उच्च शिक्षा अध्ययनका नाममा ३१ अर्ब १८ करोड रुपैयाँ बाहिरिएको नेपाल राष्ट्र बैंकले जनाएको छ। शिक्षामा अधिक रकम विदेशिंदा सेवा आय निरन्तर घाटामा छ । यसैगरी चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चार महिनामा मुलुकले साढे चार खर्बभन्दा बढीको व्यापार घाटा व्यहोरेको छ ।

माथि प्रस्तुत तथ्यहरुले मुलुक ठूलो सामाजिक, आर्थिक संकटमा रहेको पुष्टि गर्दछ । पञ्चायत भन्दा बहुदल, बहुदल भन्दा पनि गणतन्त्रमा सामाजिक अपराध, भ्रष्टचार, बेरोजगारी, विदेश पलायन र आयात बढ्दो छ । अहिलेको शासन व्यवस्था सबैभन्दा जनकेन्द्रित व्यवस्था हो । तर दल र नेताहरूकै कारण बढी आलोचित र प्रदूषित बन्न पुगेको हो ।

पञ्चायत र बहुदलीय व्यवस्था शासकको निरंकुशता र ठूला-ठूला भ्रष्टाचारका कारण पतन भएका हुन् । अहिलेको संघीय लोकतान्त्रिक व्यवस्था यिनै दल, नेता र कार्यकर्ताको अराजकता, अनैतिकता र भ्रष्टाचारले कमजोर भइरहेको छ । विशेषगरी क्लेप्टोक्रेट शासकको लोभलालच, आत्मकेन्द्रित मनोवृत्ति, आडम्बरबाट संघीय लोकतान्त्रिक व्यवस्था थलिएको हो ।

संविधान, कानुन, विधि र प्रक्रियालाई सरकार, पार्टी नेतृत्व र माथिल्लो पदमा रहनेले जति पालना गर्छन्, तल्लो स्तरमा पनि यही तहले कार्यान्वयन हुन्छ। तर, हामीकहाँ विपरीत अभ्यास छ। जति ठूलो पद, उति उन्मुक्ति लिने प्रवृत्ति। दलीय बर्दी र कुर्चीको अगाडि कानून मौन ।

सत्ता र सरकारमा दल र नेताकै राज छ । जन आवश्यकता भन्दा पनि शासकहरूको लहड र बलमिच्याइँमा विकासका योजनाहरू तय र कार्यान्वयन भएका छन्। उदाहरणका लागि दमक कमर्सियल कम्प्लेक्स । विना वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) र नक्सापास नै नगरी यो कम्प्लेक्स निर्माण र प्रमबाट उद्घाटन भइसकेको छ । कानूनले कुनै परियोजना विना ईआईए र सामान्य घर नक्सापास विना निर्माण गरिए अवैध ठान्छ भने डेढ अर्ब लागत रहेको यो भ्यूटावर कसरी वैध भयो र प्रमले नै उद्घाटन गर्नुपर्ने बाध्यता किन? गरिबीको घर निर्माणमा कानून लाग्ने तर अर्बौंको भ्युटावर निर्माणमा प्रमको बलमिच्याइँ? कानून, प्रक्रिया र विधि जनतालाई मात्र ? कानून भन्दा माथि प्रमको रहर र बलमिच्याइँ ?

जनता अनुदानमा प्राप्त हुने ९ रुपैयाँको नुनलाई २५ रुपैयाँसम्म खर्च गर्दा पनि अभावमा छन् । यता शासकहरू अर्बौंको भ्यु टावरबाट समृद्ध मुलुकको बिगुल फुक्दैछन् । शासकहरूलाई अस्पताल उद्घाटन गर्न भ्याई-नभ्याई छ, जनताका छोराछोरी सिटामोल नपाएर अकालमा ज्यान गुमाएका छन् । प्राकृतिक प्रकोपमा परेका नागरिकको उद्धार गर्न कमजोर भिजिबिलिटी देख्ने सरकार भीआईपीको विदेश भ्रमण र उपचारमा करोडौं खर्च गर्छ । यसैका लागि गणतन्त्र चाहिएको हो ? हैन भने जन आवश्यकता एकातिर, शासकहरूको चाहना अर्कोतिर किन ?

जनप्रतिनिधिहरू (पूर्वमन्त्री र बहालवाला सांसदहरू) विभिन्न आरोपमा कोही थुनामा र कोही फरार छन्। अपराध रोक्ने र देशमा शान्ति सुव्यवस्था दिने कामको नेतृत्व गर्ने मन्त्री र सचिवहरू नै कानूनको उल्लंघन गर्दै छन्, जघन्य अपराधमा थुनिएका छन्, छुटेका छन् । जीउधन र सुरक्षा गर्ने सुरक्षाकर्मीहरू नै पारिवारिक हत्या, जघन्य अपराध र बलात्कारका घटना मा पक्राउ परेका छन् । पीडितलाई न्याय दिने न्यायमूर्तिहरू नै महिला हिंसा र बलात्कारको आरोपमा जेलमा छन् । नागरिकको सामाजिक सुरक्षा शून्य छ । अपराधी, तस्कर र बिचौलियाहरूको समाज, दल र सत्तामा राज छ। सरकार, दलहरू, सुरक्षाकर्मी र न्यायालय प्रति जनविश्वास गुम्दो छ ।

अन्त्यमा, पञ्चायतको विकल्पमा गणतन्त्र आयो, नेताको विकल्पमा नेता आए, दलको विकल्पमा दलहरू आए, र मुलुकको विकासको लागि सबै असफल रहे । दल र नेताहरू सफल हुँदा मुलुकको विकासले फड्को मार्न सकेन । कारण, तन्त्र फेरिए पनि क्लेप्टोक्रेट शासकहरू फेरिएनन्, यसैले सामाजिक अपराध बेथिति, विसंगति, बेरोजगारी, भ्रष्टाचार र कुसंस्कार मौलायो ।

जनताका सपना, आशा र भरोसा माथि क्रान्तिको अगुवाइ गर्नेहरूबाट सपना, आशा र भरोसा लुटियो। यसैले देश विलखबन्दमा छ, निकास पर्खिराखेको छ । अनलाईन खबरबाट

# प्रतिवन्धित लागुऔषध ब्राउन सहित दश जना पक्राउ

विराटनगर । मोरंग, झापा, सुनसरी, इलाम र धनकुटाबाट प्रतिवन्धित लागुऔषध सहित १० जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मंगलवार झापाको मेचीनगर नगरपालिका-६ स्थितमा लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा पाँचथर मिक्लाजुङ गाउँपालिका-४ का ३१ बर्षीय दिल प्रसाद राई र दमक-२ की २९ बर्षीया स्मारिका नेम्वाङलाई ४ ग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

त्यसैगरी वडा प्रहरी कार्यालय धरानको प्रहरी टोलीले धरान-१२ स्थित डेरा गरि बस्दै आएकी २२ बर्षीया सम्झना लिम्बुलाई निषेधित औषधी १८२ चक्की र गाँजा १०० ग्राम सहित पक्राउ गरेको छ । त्यस्तै इलाका प्रहरी कार्यालय भेडेटारले चेकजाँचको क्रममा १६ किलोग्राम गाँजा बोकेको को. ३३ प ९३०७ नम्बरको मोटरसाईकल सहित मोटरसाईकलमा सवार सहिदभुमि गाँउपालिका-७ का ३९ बर्षीय निकेन्द्र राई र उनको श्रीमती ३० बर्षीया निशा राईलाई पक्राउ गरेको थियो ।

इलामको देउमाई नगरपालिका-३ का ५० बर्षीय रमेश अधिकारीलाई औषधी ९२ चक्की ब्राउन सुगर १ ग्राम ७४० मिलिग्राम सहित इलाका प्रहरी कार्यालय मंगलबारेले नियन्त्रणमा लिएको छ ।

मोरंगको पथरी शनिश्चरे नगरपालिका-१० स्थितमा इलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरी टोलीले स्थानीय २२ बर्षीय रोशन बि.क लाई निषेधित औषधी ट्रमाडोल-३४० चक्की

बाँकी अन्तिम पेजमा...